# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं वैशाख १६ गते ०१ साल

मुद्रण विभाग, सिंहदरबार

## खाद्य, भूमिव्यवस्था–मन्त्रालयको विज्ञप्ति

यो साल बाली बुझाउने विषय मन्त्रिमण्डलबाट निर्णय भएको आधारमा सदर ४ माल, श्री ५।३ सरकार गुठी, श्रीमछिन्द्रनाथ गुठी, श्रीपशुपति ठूलो सदावर्तसमेतलाई यो सालको लगततर्फ धान चामलको आधी नगदी र आधी जिन्सी लिने, साबिक बक्यौतातर्फ जम्मै नगदी लिने, सो म्यादभित्र नबुझाउनेलाई लगततर्फ जम्मै जिन्सी र बक्यौतातर्फ आधी जिन्सी, आधी नगदी लिने माल गुठी अड्डाहरूलाई आदेश भएकोमा केही टायम सख्त भई निकासा भएकोबाट र कुनै कुनैले गजेटको मतलबै नबुझी म्याद खिलाप भएकोले जम्मै जिन्सीमा पक्राउ भयो भनी रैतीहरूले कराउन आएको र ठाउँ ठाउँ रक्षासंघले पनि लेखी पठाएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

हुनाले यो एक पटकको निमित्त ०६ साल वैशाख मसान्तसम्मको म्याद कायम गरिदिने निर्णय भएको हुनाले यो विज्ञप्ति प्रकाशित गरिएको छ । सो म्यादसम्ममा बुझाउने मोही रैतीलाई सो अघि भएका आदेशबमोजिम जिन्सी र नगदी लिइनेछ । सो म्यादभित्र पनि नबुझाई बाँकी राख्ने मोही रैतीलाई माथि लेखिएको अघिका आदेश र ऐन सवालबमोजिम हुनेछ ।

सेक्रटरी, खा. भू. व्य. मन्त्रालय.

## कृषि, पशुपालन र नहरमन्त्रालयको विज्ञप्ति

कुनै एक अड्डाले जग्गा आवाद गर्न दिएको बेहोरा मन्त्रालयलाई थाहा नहुने भई मन्त्रालयले पनि आवाद गर्न दिंदा एकै जग्गा २।३ व्यक्तिले पाई दोहोरो तेहोरो पर्न गई सो जग्गाको कुरामा झगडा पर्नजाने भएकोले सो नहोस् भन्नाका हेतुले जग्गा हाल आवादी अथवा दर्ता गरी दिने गरेका नेपाल राज्यभरका सारा माल, तहसील, गढी; गौंडा, गोस्वारा, राज्यका राजा, जिमीदार, पटवारी, थरी, मुखिया, जिम्मावाल, तालुकदारसमेत जो जो छन् सबैले अबउप्रान्त जग्गा हाल आवादी दर्ता गरिपाउँ भन्ने बेहोराको दरखास्त वा निवेदनपत्र निजहरूकहाँ परेमा माल, तहसील, गढी, गौंडा, गोस्वाराबाट १५ दिने म्याद टाँस्न र सरजमीन समेत जो जे बुझ्नुपर्छ बुझी ठहराई कृषिपरिषद्मार्फत रिपोर्ट गरी मन्त्रालयबाट आदेश भएबमोजिम गर्नू । अर्को आदेश नआएसम्म सोबमोजिम जाहेर नगरी दर्ता नगर्नू , गरेमा सदर हुनेछैन । सरजमीन बुझ्दा दर्जा पुगेका जागीरदार खटाई नजीक कुनै अड्डा वा जङ्गी परेठ भए दर्जा पुगेको १ जना अफिसर साक्षी लिई बाम भएको जग्गाको सँधियार जिमीदार, पटवारी, थरी, मुखिया, जिम्मावाल, तालुकदारसमेत राखी मुचुल्का गर्नु गराउनुहोला ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।